निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मितिः २०७८/०९/९

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

## स्थानीय तहको निर्वाचन गर्न आयोगको प्रस्ताव : छलफल पछि निर्वाचनको मिति सिफारिश हुने ।

आज निर्वाचन आयोगका पदाधिकारीले सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष भेटघाट गर्नु भएको छ । उक्त भेटघाट कार्यक्रममा माननीय बालकृष्ण खाँड, गृह मन्त्री, माननीय ज्ञानेन्द्र बहादुर कार्की, संचार तथा सूचना मन्त्री, माननीय दिलेन्द्र प्रसाद बडु, कानून, न्याय तथा संसदीय मामिला मन्त्री एवम् नेपाल सरकारका मुख्य सचिव, गृह सचिव र अर्थ सचिव समेतको उपस्थिति रहेको थियो । माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया, माननीय निर्वाचन आयुक्तहरु इश्वरीप्रसाद पौडेल, रामप्रसाद भण्डारी, डा.जानकी कुमारी तुलाधर र सगुन सम्सेर ज.ब.रा. समेतको उपस्थितिमा भएको भेटघाट कार्यक्रममा माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले राष्ट्रियसभा सदस्य निर्वाचन, मतदाता नामावली संकलन विशेष कार्यक्रम, स्थानीय तहको निर्वाचन, निर्वाचन सुरक्षा व्यवस्था तथा निर्वाचन खर्च लगायतका विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई जानकारी गराउनु भएको थियो ।

छलफलमा आयोगका प्रमुख आयुक्त थपलियाले राष्ट्रियसभामा रिक्त १९ सदस्यका लागि यही माघ १२ गते सम्पन्न हुने निर्वाचनमा स्थानीय तहमा १४९३ जना र प्रदेश सभामा ५३२ जना गरी जम्मा २०२५ मतदाता रहेको, मतदानको लागि ८ वटा मतदान स्थल र १४ वटा मतदानकेन्द्रको व्यवस्था गरिएको, निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता गर्न पौष १० गतेसम्म निवेदन दिनुपर्ने कार्यक्रम रहेको, पौष २० गतेदेखि २५ गतेसम्म उम्मेदवारको अन्तिम नामावली र निर्वाचन चिन्ह दिने कार्यक्रम रहेको र यसपछि निर्वाचन आचार संहिता लागू हुने व्यहोरा जानकारी गराउनु भएको थियो ।

यसैगरी आयोगले स्थानीय तह निर्वाचनलाई लक्षित गरी २०७८ मंसिर १७ गतेदेखि मतदाता नामावली संकलन विशेष कार्यक्रम संचालन गरिरहेको र यसमा आम नागरिकको उत्साहजनक सहभागिता देखिएको हुँदा यो कार्यक्रम पौष १९ गतेसम्म संचालन हुने कुराको जानकारी गराउनु भएको थियो । मतदाता नामावली संकलन विशेष कार्यक्रमबाट पौष ९ गतेसम्ममा थप ५,७७,६६९ मतदाता दर्ता भएका साथै यस अवधिमा बाहिरी जिल्ला दर्ता कार्यक्रमबाट १९,०५४ मतदाता दर्ता भएको । पौष २० गतेसम्म यस कार्यक्रमबाट उल्लेख्यरुपमा मतदाता दर्ता हुने अनुमान गरिएको जानकारी समेत सम्माननीय प्रधानमन्त्रीज्यूलाई गराउनु भएको थियो ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ को व्यवस्था बमोजिम वि.सं. २०७९ जेठ ५ गते स्थानीय तहका पदाधिकारीहरुको पदावधि समाप्त हुने हुँदा संविधानको धारा २२५ बमोजिम कार्यकाल समाप्त भएको ६ महिनाभित्र निर्वाचन गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यकाल समाप्त भएपछि स्थानीय तह संचालन सम्बन्धी कुनै स्पष्ट कानूनी व्यवस्था नभएकोले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३ बमोजिम कार्यकाल समाप्त हुनुभन्दा २ महिना अगावै निर्वाचन हुनुपर्ने व्यवस्थालाई हेरी स्थानीय तहका पदाधिकारीहरुको कार्यकाल समाप्त हुनु भन्दा अगावै निर्वाचन गरिसक्नु पर्ने कानूनी बाध्यता रहेको सन्दर्भमा निर्वाचनको लागि बढीमा १२० दिन निर्वाचन अवधि आवश्यक पर्ने भएकोले कम्तिमा १०० दिन निर्वाचन अवधि रहने गरी स्थानीय तहको निर्वाचनको मिति तोक्न उपयुक्त हुने जानकारी गराउँदै

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"

खर्चमा मितव्ययिता हुने, सुरक्षा व्यवस्थापनमा सहजता हुने, समग्र निर्वाचन व्यवस्थापनमा सहजता हुने, मतदाता शिक्षा सामग्रीहरुमा एकरुपता हुने, एक ठाउँको निर्वाचन परिणामले अर्को ठाउँमा प्रभावित नपार्ने जस्ता कारणहरुले गर्दा एकैदिन र एकै चरणमा निर्वाचन हुनेगरी मिति तोक्नु पर्ने व्यहोरा जानकारी गराउनु भएको थियो ।

यसका लागि मौजूदा कानून बमोजिम स्थानीय तहको निर्वाचन आगामी २०७९ वैशाख महिनामा गर्नुपर्ने अवस्था रहेकोले सम्पूर्ण सुरक्षा व्यवस्था मिलाई सबै स्थानीय तहको निर्वाचन एकै दिन गर्नु उपयुक्त हुने हुँदा मिति २०७९ वैशाख १४ गते बुधबारका दिन निर्वाचनको मिति तोक्न उपयुक्त हुने र यदि कुनै कारण एकै दिन निर्वाचन गर्न संभव नभएमा पहिलो चरण मिति २०७९ वैशाख १४ गते बुधबारका दिन र दोश्रो चरण मिति २०७९ वैशाख २२ गते विहिबारका दिन गर्न सकिने व्यहोरा पनि प्रमुख निर्वाचन आयुक्त थपलियाले जानकारी गराउनु भएको थियो ।

निर्वाचनका सम्बन्धमा आयोगले गरेको प्रस्ताव र सम्पादन गरेका कार्यहरुका सम्बन्धमा आयोगलाई धन्यवाद दिँदै सम्माननीय प्रधानमन्त्रीज्यूले राजनीतिक दलहरुसँगको छलफल पछि आयोगको प्रस्तावलाई अगाडी बढाउने कुरा बताउनु भएको थियो । यसैगरी निर्वाचनमा भोटिङ मेशीनको प्रयोग गर्ने आयोगको प्रस्तावका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले राजनीतिक दलहरुसँगको छलफलबाट सहमति कायम गरी सबै क्षेत्रहरुमा प्रयोग गर्न नसकिएपनि केही निश्चित क्षेत्रहरुमा भोटिङ मेशीन प्रयोग गर्दै जाने कुरा बताउनु भएको थियो । स्थानीय तह निर्वाचनको सन्दर्भमा आयोगले प्रस्ताव गरे अनुरुप अनौपचारिक छलफल पछि उपयुक्त मितिमा सहमति कायम गरी स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ को व्यवस्था बमोजिम स्थानीय तहको निर्वाचन गराउन आयोगले सिफारिश गर्ने र नेपाल सरकारबाट मिति तोक्ने विषयमा सहमति भएको छ । आयोगको प्रस्तावका सम्बन्धमा छलफलका सहभागि माननीय मन्त्रीज्यूहरुले राख्नु भएको जिज्ञासालाई आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले संबोधन गर्नु भएको थियो ।

२०७८/०८/०९

(शालिग्राम शर्मा पौडेल)
सहसचिव एवं प्रवक्ता